प्राइम लाइफ
सुरक्षित भविष्य

मिति : २०७९/०८/०१

**"एजेन्सी मेनेजर नियुक्त तथा नवीकरण योजना, मंसिर २०७९"**

यस कम्पनीमा कार्यरत अभिकर्ताहरुको वृत्ति विकास तथा व्यवसाय बिस्तार एवम् प्रबर्द्धन कार्यमा सहयोग पुऱ्याउन कम्पनीबाट मिति २०७९/०४/०४ मा जारी गरिएको **"प्राइम लाइफ अभिकर्ता नियुक्ती तथा नवीकरण योजना २०७९/०८०"** मा उल्लेख गरिए अनुसार एजेन्सी मेनेजर नियुक्ति गर्ने व्यवस्थालाई यथावत राखि तपसिल बमोजिम शर्तहरुको अधिनमा रहि **"एजेन्सी मेनेजर नियुक्त तथा नवीकरण योजना, मंसिर २०७९"** लागू गरिएको छ ।

१. आर्थिक बर्ष २०७८/०७९ मा एजेन्सी मेनेजरमा नियुक्त/नवीकरण भएका अभिकर्ताले मिति २०७९/०४/०१ देखि २०७९/०८/२९ भित्र आफ्नो अभिकर्ता कोडमा न्युनतम रु २,००,०००/- (अक्षरुपी रु. दुई लाख) प्रथम आधार बीमाशुल्क उपलब्ध गराएमा निजलाई अन्तरिम एजेन्सी मेनेजरमा नवीकरण गरिनेछ ।

   उल्लेखित बुँदा नं. १ अनुसार एजेन्सी मेनेजरमा नवीकरण हुने अभिकर्ताले मिति २०७९/०४/०४ मा जारी **"प्राइम लाइफ अभिकर्ता नियुक्ती तथा नवीकरण योजना २०७९/०८०"** अनुसारको सुविधाहरु प्राप्त गर्नको लागि सो योजनामा उल्लेख भएका अन्य शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

२. मिति २०७९/०८/०१ देखि २०७९/०८/२९ भित्र आफ्नो अभिकर्ता कोडमा न्युनतम रु १,००,०००/- (अक्षरुपी रु. एक लाख) प्रथम आधार बीमाशुल्क उपलब्ध गराई आफु वा आफु अन्तर्गत रहेका प्रत्यक्ष अभिकर्ताहरुबाट उल्लेखित अवधि भित्र न्युनतम रु ५,००,०००/- (अक्षरुपी रु. पाँच लाख) प्रथम आधार बीमाशुल्क उपलब्ध गराएमा निजलाई एजेन्सी मेनेजरमा नियुक्त/नवीकरण गरिनेछ ।

   उल्लेखित बुँदा नं. २ अनुसार एजेन्सी मेनेजरमा नियुक्त/नवीकरण हुने अभिकर्ताको लागि सक्रिय अभिकर्ताको व्यवस्थामा छुट प्रदान गरिनेछ र मिति २०७९/०४/०४ मा जारी **"प्राइम लाइफ अभिकर्ता नियुक्ती तथा नवीकरण योजना २०७९/०८०"** को बर्ग "क" अनुसारको सुविधाहरु प्रदान गरिनेछ । तत्पश्चातको वर्ग बृद्धिहरुमा भने **"प्राइम लाइफ अभिकर्ता नियुक्ती तथा नवीकरण योजना २०७९/०८०"** को शर्तहरु लागु हुनेछन् ।

**शर्तहरु :**

१. यस योजनामा मिति २०७९/०४/०४ मा जारी **"प्राइम लाइफ अभिकर्ता नियुक्ती तथा नवीकरण योजना २०७९/०८०"** का अन्य शर्तहरु लागु हुनेछन् ।

२. यस योजना सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा कम्पनीको निर्णय अन्तिम हुनेछ ।

(निर्मल दाहाल)
प्रमुख कार्यकारी अधिकृत

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि.
प्रधान कार्यालय
हात्तीसार, काठमाडौं

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि.
पो.ब.नं. २५९७९ हात्तीसार, काठमाडौं, नेपाल
फोन:+९७७-०१-४४४१४१४, फ्याक्स:+९७७-०१-४४४१४३६
info@primelifenepal.com,www.primelifenepal.com

प्राइम लाइफ
सुरक्षित भविष्य

मिति : २०७९/०८/०१

**"एजेन्सी मेनेजर प्रोत्साहन योजना, मंसिर २०७९"**

यस कम्पनीमा कार्यरत अभिकर्ताहरुको वृत्ति विकास तथा व्यवसाय बिस्तार एवम् प्रबर्द्धन कार्यमा सहयोग पुऱ्याउन तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि **"एजेन्सी मेनेजर प्रोत्साहन योजना, मंसिर २०७९"** लागू गरिएको छ ।

आर्थिक बर्ष २०७९/०८० अन्तर्गत २०७९ कार्तिक मसान्त सम्ममा एजेन्सी मेनेजरमा नियुक्त/नवीकरण भएका अभिकर्ताले मिति २०७९/०८/०१ देखि २०७९/०८/२९ भित्रमा आफ्नो टिम (Direct Downline Business र Indirect Downline Business) बाट निम्नलिखित प्रथम आधार बीमाशुल्क उपलब्ध गराउन सफल भएमा निम्नबमोजिम इन्सेन्टिभ प्रदान गरिनेछ ।

| **एजेन्सी मेनेजरको टिम (प्रत्यक्ष/अप्रत्यक्ष) बाट उपलब्ध गराउनु पर्ने प्रथम आधार बीमाशुल्क** | **इन्सेन्टिभ (सामाग्री)** |
|---|---|
| रु. ५,००,०००/- | स्पेशल लेदर ब्याग १ थान |
| रु. १०,००,०००/- वा सो भन्दा बढी | स्पेशल लेदर ब्याग २ थान |

**शर्तहरु :**

१. यस योजनामा मिति २०७९/०४/०४ मा जारी **"प्राइम लाइफ अभिकर्ता नियुक्ती तथा नवीकरण योजना २०७९/०८०"** का अन्य शर्तहरु लागू हुनेछन् ।

२. यस योजना सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा कम्पनीको निर्णय अन्तिम हुनेछ ।

(निर्मल दाहाल)
प्रमुख कार्यकारी अधिकृत

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौं

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि.
पो.ब.नं. २५९७९ हात्तीसार, काठमाडौं, नेपाल
फोन:+९७७-०१-४४४१४१४, फ्याक्स:+९७७-०१-४४४१४३६
info@primelifenepal.com,www.primelifenepal.com

प्राइम लाइफ
सुरक्षित भविष्य

मिति : २०७९/०८/०१

**"अभिकर्ता प्रोत्साहन योजना – मंसिर, २०७९"**

यस कम्पनीमा कार्यरत अभिकर्ताहरुलाई तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि २०७९ मंसिर ०१ देखि २०७९ मंसिर २८ गतेसम्मका लागि निम्नानुसारको अभिकर्ता प्रोत्साहन योजना लागू गरिएको छ ।

| क.सं | प्रथम आधार बीमाशुल्क | प्रोत्साहन सुविधा |
|---|---|---|
| १ | २५,०००/- | रु. ५००/- |
| २ | ५०,०००/- | रु. ५००/- + वीन्डसिटर |
| ३ | १,००,०००/- | रु. १,०००/- + एक दिनको पूनर्ताजगी कार्यक्रम (१ जना) |
| ४ | २,००,०००/- | रु. ५,०००/- + ब्याग (भर्टिकल/लेडिज्) + एक दिनको पूनर्ताजगी कार्यक्रम (१ जना) |
| ५ | ३,५०,०००/- | रु. १०,०००/- + होलोफिट ज्याकेट + एक दिनको पूनर्ताजगी कार्यक्रम (१ जना) |
| ६ | ५,००,०००/- | रु. २०,०००/- + होलोफिट ज्याकेट + एक दिनको पूनर्ताजगी कार्यक्रम (१ जना) |
| ७ | ७,००,०००/- | रु. ५६,०००/- + एक दिनको पूनर्ताजगी कार्यक्रम (१ जना) |
| ८ | १०,००,०००/- | रु. ९०,०००/- + एक दिनको पूनर्ताजगी कार्यक्रम (१ जना) |
| ९ | १५,००,०००/- | रु. १,५०,०००/- + एक दिनको पूनर्ताजगी कार्यक्रम (१ जना) |

**शर्तहरु :**

१. यस योजना अवधि भित्र जारी भएका बीमालेख र प्रथम आधार बीमाशुल्क (Basic Premium) लाई यस योजनामा समावेश गरिनेछ ।

२. संस्थागत अभिकर्ताहरु र अन्य म्यादी जीवन बीमालेखबाट प्राप्त प्रथम आधार बीमाशुल्कलाई यस योजनामा समावेश गरिने छैन ।

३. प्राइमलाइफ एकल तथा निश्चित अवधि भुक्तानी (सावधिक) जीवन बीमा योजना (PLSLP)बाट प्राप्त हुने प्रथम आधार बीमाशुल्कमा निम्नानुसारको भुक्तान अवधि भएमा निम्नानुसारको अनुपात अनुरुप प्राप्त हुने प्रथम आधार बीमाशूल्कलाई मात्र यस योजनामा समावेश गरिनेछ । तर, प्राइमलाइफ सुलभ (PLSMP) तथा शुभलाभ (PSL) बीमा योजना अन्तर्गत प्राप्त हुने एकल बीमालेखको प्रथम आधार बीमाशूल्कको हकमा १००% गणना गरिनेछ ।

| अवधि | भुक्तान अवधि | अनुपात |
|---|---|---|
| ५ बर्ष | एकल | २५% |
| १० बर्ष | एकल | ५०% |
| १५ बर्ष | एकल | ७५% |
| २० बर्ष वा सो भन्दा माथि | एकल | १००% |

४. उपरोक्त प्रोत्साहन रकम भुक्तानी गर्दा नियमानुसारको आयकर कट्टा गरिनेछ ।

५. यस प्रोत्साहन योजना सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा कम्पनीको निर्णय अन्तिम हुनेछ ।

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौं

(निर्मल दाहाल)
प्रमुख कार्यकारी अधिकृत

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि.
पो.ब.नं. २५९७९ हात्तीसार, काठमाडौं, नेपाल
फोन:+९७७-०१-४४४१४१४, फ्याक्स:+९७७-०१-४४४१४३६
info@primelifenepal.com,www.primelifenepal.com